Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

# आधुनिक भारतीय नेपाली साहित्यमा दलित र सबाल्टर्न विमर्श

(राष्ट्रिय उच्चत्तर शिक्षा अभियानद्वारा प्रायोजित)
तीन दिवसीय अन्तर्राष्ट्रिय सङ्गोष्ठीमा प्रस्तुत शोधपत्रहरूको सँगालो



सम्पादक
तिलकबहादुर बरदेवा
दुर्गाप्रसाद शर्मा

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

## विषयक्रम

१. नेपाली भाषा साहित्यमा एक नवीन विषयको उत्थापन प्रयत्न [illegible]
प्रो. डा. गोविन्दराज भट्टराई

२. सबाल्टर्न थिङको नार्सिसस्मा रसदर्शन २६
शिवकुमार नेपाल

३. भारतीय नेपाली दलित विमर्शः समस्या र सम्भावना ३८
योगेश खाती

४. दलित सङ्कथन र भारतीय नेपाली साहित्य ५०
डा. देवचन्द्र सुब्बा

५. सावन–भादौ उपन्यासमा दलित चेतना ६१
डा. योगेश पन्त

६. बन्दीकाल र फुच्चे कथा सङ्ग्रहमा दलित चिन्तन ७१
डा. हेमन्तकुमार नेपाल

७. रुपनारायण सिंहको बिग्रेको बाहुन कथामा दलित उन्मूलनको चेतना ८१
मेघनाथ छेत्री

८. इतिहास, सबाल्टर्न र साहित्य सन्दर्भ : सहारा उपन्यास ८८
डा. वासुदेव थापा

९. हट्टाबाहिर उपन्यासमा शक्ति र सबाल्टर्न १०१
डा. भुपेन तामङ

१०. साइबर संस्कृतिको सन्दर्भमा उत्तरउपनिवेशिक दृष्टिले समसामयिक भारतीय नेपाली कथाको अवलोकन १०६
चन्द्रप्रकाश राई

११. भारतीय नेपाली साहित्यमा दलित विमर्श : सन्दर्भमा केही प्रतिनिधि दलित कविका कविताहरू ११२
डा. अमीर दर्जी

१२. आधुनिक भारतीय नेपाली कथामा दलित सन्दर्भ १२३
अनिलकुमार विश्वकर्मा

१३. भारतीय नेपाली आख्यानमा गणतान्त्रिक मूल्य चेतनाका सापेक्षतामा दलित चिन्तन विमर्श १४०
सरस्वती मोहरा

१४. समकालीन भारतीय नेपाली कवितामा सबाल्टर्न–किनारीकृत स्वर १४९
बिक्रम राई

१५. सन्दर्भ दलित साहित्य र दार्जिलिङको नेपाली आख्यानमा १६४
सदीप प्रधान

१६. प्रदीप गुरूङका कथाहरूमा पाइने सीमान्तकृत पात्रहरूको विवेचना १६९
राजीव विश्वकर्मा

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

१७. नेपाली गाइने गीतमा प्रतिविम्बित दलित चेतना १७८
**डा. विवेक छेत्री**

१८. भीम दाहालका उपन्यासमा दलित चेतनाको प्रसङ्ग १८३
**डा. शारदा छेत्री**

१९. दलित अवधारणा अनि किरातको 'होय च्याङ्बा' उपन्यासमा दलित प्रसङ्ग १९०
**देवकुमार दमाई**

२०. सानुभाइ शर्माका निबन्धमा वर्णभेदप्रति व्यङ्ग १९६
**कल्याणी शर्मा**

२१. सबाल्टर्न प्रतिनिधित्वः सन्दर्भ भारतीय नेपाली कथा २०४
**डा. कृष्णकुमार सापकोटा**

२२. भारतीय नेपाली कथामा दलित सन्दर्भ २१८
**निरज थापा**

२३. सिक्किमका नेपाली उपन्यासमा दलित विमर्श २२९
**बिनुपा राई**

२४. भारतीय नेपाली कथाकारहरूमा दलित समुदायको प्रतिनिधित्व २३९
**मेनप्रसाद शर्मा**

२५. भारतीय नेपाली कथामा दलित पात्रको अभिव्यक्ति २४६
**प्रितम घतानी**

२६. समकालीन भारतीय नेपाली कथामा सबाल्टर्न २५७
**रोशनी भुजेल**

२७. भारतीय नेपाली नारी कथाकारका कथामा सबाल्टर्न २६९
**रूद्र छेत्री**

२८. मनप्रसाद सुब्बाका कवितामा सबाल्टर्न २७७
**योगेश लिम्बू**

२९. मनप्रसाद सुब्बाका कवितामा किनारीकृत पर्यावरण २८४
**विजय मोक्तान**

३०. उमेश परियारका कवितामा दलित चिन्तन २९१
**रेनुका छेत्री**

३१. भारतीय नवजागरण र अछुत समस्या ३०५
**क्रिस्टिना दर्जी**

३२. वर्तमान स्थानीय नेपाली कवितामा राजनीतिक तटीकरणको स्वर ३१७
**इन्द्रमान सुब्बा**

३२. प्रतिवेदन सार **डा. टेकबहादुर छेत्री/ डा. विवेक छेत्री** ३३१

३३. लेखकावली ३४१

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

# इतिहास, सबाल्टर्न र साहित्य
# सन्दर्भ : सहारा उपन्यास

डा बासुदेव थापा

## १. सबाल्टर्नको अर्थ

उत्तरऔपनिवेशिकतावादको अवधारणाभित्र पछिल्ला कालमा चर्चामा आएको शब्द हो – सबाल्टर्न। यो शब्दको प्रयोग इटालेली मार्क्सवादी चिन्तक एन्टोनियो ग्राम्शी (सन् १८९१–१९३७) ले नोट्स अन् इटालियन हिस्ट्री लेखमा प्रयोग गरेका थिए।[१] सबाल्टर्न शब्द सेनाको शब्दावलीबाट लिएको पाइन्छ जसले सेनाको अत्यन्त तल्लो वर्गमा पर्ने सानो कमीशन अधिकारीलाई बुझाउँथ्यो। ग्राम्शीले सबाल्टर्न शब्दको अर्थ प्रोलेटेरियट (सम्पतिहीन श्रमजीवी) को पर्यायवाची तथा त्यसका साटोमा प्रयोग गरे।[२] ग्राम्शीअनुसार समाजको निमुखा, निर्धन र आर्थिक रूपमा शोषित मात्र नभएर सांस्कृतिक र कतिपय सामाजिक हक र हितबाट उपान्तमा ठेलिएका सामाजिक समुदायलाई नै सबाल्टर्नको अर्थमा बुझाएको पाइन्छ। सबाल्टर्नको अवधारणाले वास्तवमा समाजको र देशको इतिहासका पन्नाहरूबाट सदैव ओझेलमा पारिएको, किनारीकृत गरिएको सामाजिक समुदायहरू, कृषकहरू, अशिक्षितहरू, तल्लो जातका ठहराइएकाहरू, ग्रामीण महिलाहरू आदिलाई नै बुझाएको पाइन्छ। डा. घनश्याम नेपालअनुसार– समकालीन सन्दर्भमा यो शब्द शक्तिसम्पन्न पहिलो विश्व र तिनका प्रभावमुनि थिचिएका, अन्तराष्ट्रिय मञ्चमा लुते, कमजोर, अविकसित भनेर एक किनारमा थन्काइएका मुलुकहरूमाझको अन्तर परिभाषित गर्ने क्रममा ती पछिल्ला वर्गका मुलुक र तिनका सांस्कृतिक स्थितिलाई दिइने संज्ञाका रूपमा चलेको छ।[३]

**बीज शब्दः** सबाल्टर्न, इतिहास, साहित्य, निमुखा वर्ग

## विषयप्रवेश

सबाल्टर्नको यो अवधारणालाई नै लिएर सन् १९८० का दशकमा दक्षिण एसियाली इतिहासको औपनिवेशिक काललाई केन्द्र गरी सबाल्टर्न अध्ययन समूह अघि आएको देखिन्छ। यो अध्ययन समूहमा प्रख्यात भारतीय इतिहासविद् रणजीत गुहा, साहिद आमिन, पार्थ च्याटर्जी, डेविड हार्डिमेन, ज्ञानेन्द्र पाण्डे, रामचन्द्र गुहा, तनिका सरकार, सुमित सरकार, कपिल कुमार आदिले सबाल्टर्न स्टडिजबारे विस्तृत अध्ययन प्रस्तुत गरेका छन्।[४] सबाल्टर्न अध्ययन समूहले हालसम्म १२ वटा अध्ययन खण्ड प्रकाशित

---

१. http://en.wikipedia.org/wiki/Subaltern(postcolonialism)

२. http://en.wikipedia.org/wiki/Subaltern(post colonialism)

३. डा. घनश्याम नेपाल, सन्–२००५, सबाल्टर्न यो कसको कुरा हो?, नयाँ सिक्किम (सम्पा.) चन्द्र खालिङ, गान्तोक, सिक्किम पृ. ३८

४. Tejram Sharma , 2005, Historiography (A history historical writing), Concept Publication, New Delhi, pg. 138

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

गरिसकेको छ। पहिले ६ वटा खण्ड क्रमैले सन् १९८२, १९८३, १९८४, १९ [illegible] ८९ मा रणजीत गुहाको सम्पादनमा प्रकाशित भएको पाइन्छ। त्यसपछि क्रमैले सन् १ [illegible] डको सम्पादन पार्थ च्याटर्जीले, सन् १९९४ मा आठौं खण्डको सम्पादन डेविड आर्नाल्डले सन् १९९६ मा नवौं खण्डको सम्पादन शाहिद आमिन तथा दीपेश चक्रवतीले अनि सन् १९९९ मा दशौं खण्डको सम्पादन गौतम भद्र, ज्ञानप्रकाश र सूसी थारूले गरेको पाइन्छ। त्यसरी नै सन् २००० मा कोलम्बिया युनिवर्सिटी प्रेसबाट एघारौं खण्डको सम्पादन पार्थ च्याटर्जी र प्रदीप जगन्नाथले गरेको पाइन्छ भने बाह्रौं खण्डको सम्पादन सन् २००५ मा शैल मायाराम, एम. एस. एसपाण्डियन र अजय स्कारियाले गरेको पाइन्छ।[५] यो अध्ययन समूहले विशेष गरेर कृषक, श्रमजीवी, शोषित, सर्वाहारा र ग्रामीण जनजातिहरूका निमुखापनलाई नै आधार मानेर सबाल्टर्न अध्ययन विस्तृत बनाएको पाइन्छ। यिनीहरूले इतिहास लेखिँदा अभिजात सत्ताका दृष्टिकोणबाट होइन तर शोषित सर्वाहारा तथा उपनिवेशितहरूका परिप्रेक्ष्यबाट लेखिनुपर्छ भन्ने उत्तरउपनिवेशवादी चेतना पनि विकास गरेको पाइन्छ। सबाल्टर्न अध्ययनको यस परियोजनाबाट प्रभावित भएर केही वर्षपछि उत्तरऔपनिवेशवादी दुइ नामी चिन्तक एडवर्ड सईद र गायत्री चक्रवर्ती स्पीवाकले यस योजनालाई अझ बलियो बनाएको देखिन्छ। भारतबाहिर खास गरेर ब्रिटिश र अमेरिकी उच्च अध्ययन संस्थानहरूमा सबाल्टर्न अध्ययन भन्नाले इतिहास लेखन नबुझेर उत्तरऔपनिवेशिक आलोचनाकै एउटा अङ्ग मानेको देखिन्छ। अमेरिकामा यसलाई सांस्कृतिक अध्ययनका रूपमा हेरिएको पाइन्छ।[६] गायत्री चक्रवती स्पीवाकले आफ्नो लेख सबाल्टर्न स्टडिज : डिकन्सट्रिङ हिस्टोरियोग्राफी –मा सबाल्टर्न अध्ययनलाई एउटा पाठ–प्रक्रियाका रूपमा लिएको पाइन्छ। उनले सङ्केत व्यवस्थामा देखिने परिवर्तन जस्तै भारतमा उपनिवेशवादको इतिहासलाई मार्क्सवादी घेराबाट बाहिर निकालेको बताएका छन्। मानक मार्क्सवादी अध्ययनले उत्पादन पद्धतिका आख्यानका चस्माबाट भारतको औपनिवेशिक इतिहासको व्याख्या सामन्तवाददेखि पूँजीवादीमा संक्रमण देखाउँछ भने सबाल्टर्न अध्ययनले संक्रमणका साटो त्यसलाई सामना गर्न प्रोत्साहित गर्छ भनेका छन्। उत्तरऔपनिवेशवादी चिन्तक स्पीवाकले सबाल्टर्न अध्ययन समूहको व्यावहारिकभन्दा सैद्धान्तिक पक्षलाई लिएर आलोचना गरेको पाइन्छ। उनले के सबाल्टर्न बोल्न सक्छन्? भन्ने निबन्धमा शोषित, अवहेलित, सीमान्तकृत सबै समूहलाई सबाल्टर्नको संज्ञा दिन सकिँदैन भनेका छन्। सबाल्टर्नहरू त आवाजहीन निमुखा हुन्छन् उनीहरूको आवाज कसरी सत्तासम्म पुग्न सक्छन् र? भन्ने प्रश्न पनि उनले उठाएका छन्।[८]

## २. इतिहास र साहित्यमा सबाल्टर्न चरित्र

भारतवर्षमा अङ्ग्रेजहरू आगमन हुनभन्दा अघि यहाँ साना–साना राज्यमा बाँडिएका प्रदेशहरू थिए।

---

५. प्रणय कृष्ण – उत्तर औपनिवेशिकता के स्रोत और हिन्दी साहित्य, हिन्दी परिषद प्रकाशन, इलाहावाद विश्वविद्यालय, प्रथम संस्करण–२००८, पृ. ६१

६. प्रणय कृष्ण – उत्तर औपनिवेशिकता के स्रोत और हिन्दी साहित्य, पूर्ववत– पृ. ६२

७. Ranjit Guha, 1985 (Edit.), Subaltern Studies - IV, oxford university press, pg. 331

८. Pramod K. Nayar- An introduction to CULTURAL STUDIES, Viva Books Pvt. Ltd. New Delhi-११००१२, Reprinted २००९, pg–५६

Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai
Mahavidyalaya
Bagdogra

**Dalit and Subaltern Discourse in Modern Indian Nep**

RUSA sponsored International seminar held on 4th- 6th May 2022,

*Organised by Department of Nepali, Sikkim Government College Namchi*



पुस्तक प्रकाशनमा विशेष सहयोग पुऱ्याउनु हुने सम्माननीय मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ (गोले), सिक्किम सरकारप्रति नेपाली विभाग, सिक्किम सरकारी महाविद्यालय, नाम्चीको पक्षमा सम्पादन मण्डली हार्दिक कृतज्ञता व्यक्त गर्दछ।

ISBN 978-93-5692-991-3
9 789356 929913

मूल्य : 699/-

Supported by : Shri Lakpa Moktan & Dr. Niraj Adhikari